का.जि.प्र.का.द.नं. १००/०५९/६०
२१ चैत २०७९,
मंगलबार
4 April 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

इपेपर हेर्न

वर्ष २१, अंक ६९ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




*मिटरब्याज पीडितको दोस्रो टोली काठमाडौंमा प्रदर्शन गर्दै । तस्विर : सामाजिक सञ्जाल*

# मिटरब्याज पीडित समस्या समाधान आयोग गठन

## जाँचबुझ आयोगलाई मिटरब्याज पीडितको समस्या समाधान हुने गरी ठोस र व्यवहारिक प्रतिवेदन तयार पार्न ३ महिनाको समय दिइएको छ ।



आयोगलाई ठोस र व्यवहारिक पाटोबाट रिपोर्ट ल्याउने कार्यादिश दिइएको छ । फिल्डमै गएर समस्या समाधान गर्न आयोग नै बनिसकेको हुनाले यसका लागि अब काठमाडौं आइराख्न पर्दैन । आयोग जनकपुरमै रहने हुनाले त्यहीँबाट यसको समाधान खोज्छ ।

**रेखा शर्मा**
**प्रवक्ता, नेपाल सरकार**

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २० चैत ।

मिटरब्याज पीडित समस्या समाधान आयोग गठन भएको छ । सोमबार बसेको मन्त्रिपरिषद बैठकले मिटरब्याज पीडितहरुको समस्या समाधानका लागि तीन सदस्यीय छानबिन समिति गठन गरेको हो ।

विशेष अदालतका पूर्वअध्यक्ष गौरीबहादुर कार्कीको नेतृत्वमा गठित आयोगमा नेपाल प्रहरीका पूर्व एआईजी उत्तमबहादुर सुवेदी र पूर्वनायब महान्यायाधिवक्ता गणेशबाबु अर्याल सदस्य रहेका छन् ।

सरकार र मिटरब्याज पीडितको एक समूहबीच शनिबार ५ बुँदे सहमति भएको थियो । जसमा मिटरब्याज पीडितको समस्या समाधानका लागि अधिकारसम्पन्न आयोग गठन गर्ने पनि थियो । सोही सहमति अनुसार आयोग गठन गरिएको हो ।

जाँचबुझ आयोगलाई मिटरब्याज पीडितको समस्या समाधान हुने गरी ठोस र व्यवहारिक प्रतिवेदन तयार पार्न ३ महिनाको समय दिइएको छ ।

शनिवार सरकारी वार्ता टोली र र पीडितहरुको वार्ता टोलीबीच भएको



सहमतिमा 'मिटरब्याजीहरूले निरक्षर, गरिब तथा आर्थिक रुपले अप्ठ्यारो परिस्थितिमा रहेका व्यक्तिहरुसँग उच्च ब्याजदरमा ऋण असुल्ने, वास्तविक लेनजदेनभन्दा बढीको तमसुक/कागजात बनाउने, ऋणीको जायजेथा आफ्नो कब्जामा लिने तथा ऋणको दुष्चक्रमा फसाई विभिन्न ढंगले शोषणसमेत गर्ने गरेको गुनासो रहेकोले मिटरब्याज पीडितका समस्या सम्बोधन गर्ने' लगायतका विषय छन् ।

'मिटरब्याज पीडितका नियमितरुपमा आउने उजुरी/गुनासोलाई सम्बोधनको लागि प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्लास्थित नेपाल प्रहरी, सरकारी वकिल, मालपोत, नापी कार्यालयका प्रमुख, बैंक तथा वित्तीय संस्थाका प्रतिनिधि र मिटरब्याज पीडितको प्रतिनिधिसमेत रहने गरी जिल्लास्तरीय समन्वय/सहजीकरण समिति गठन गर्न नेपाल सरकार समक्ष सिफारिस गर्ने' समझदारी पनि छ ।

सहमतिपत्रमा मिटरब्याज अपराध नियन्त्रण सिफारिस कार्यदलको २०७९ भदौ २७ को प्रतिवेदनमा उल्लेखित सिफारिस शीघ्र एवं प्रभावकारी कार्यान्वयनको लागि सम्बद्ध निकायसँग आवश्यक समन्वय र सहजीकरण गर्ने विषय उल्लेख छ । मन्त्रिपरिषद्को बैठकबाट मिटरब्याज पीडितबारे जाँचबुझ आयोग ऐन, २०२६ >>> पृष्ठ २ मा



# ३ पदमा ६९ जनाको उम्मेदवारी

## ३ पदका लागि मनोनयन दर्ता गराउनेहरूमा ३३ जना दलको तर्फबाट र ३६ जना स्वतन्त्र उम्मेदवार छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० चैत ।

तीन पदमा हुने उपनिर्वाचनका लागि ६९ जनाको उम्मेदवारी मनोनयन दर्ता भएको छ । आगामी वैशाख १० गते आइतबार हुने प्रतिनिधिसभा सदस्यको उपनिर्वाचनका लागि सोमबार निर्धारण भएको निर्वाचन कार्यक्रम अनुसार उम्मेदवारी मनोनयनपत्र दर्ता भएको हो ।

निर्वाचन आयोगका अनुसार चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ र बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा उपनिर्वाचन हुन लागेको हो । सम्बन्धित निर्वाचन क्षेत्रमा यही चैत १८ गते स्थापना भएका मुख्य निर्वाचन अधिकृतको कार्यालयमा सोमबार बिहान १० बजेदेखि साँझ ५ बजेसम्म उम्मेदवारको मनोनयनपत्र दर्ता गर्ने समय तय गरिएको थियो ।

निर्धारित समयभित्र चितवन जिल्ला निर्वाचन क्षेत्र नं. २ मा २४ जना, तनहुँ जिल्ला निर्वाचन क्षेत्र नं. १ मा ९ जना र बारा जिल्ला निर्वाचन क्षेत्र नं. २ मा ३६ जना उम्मेदवारहरूले उम्मेदवारी मनोनयन दर्ता गराएका छन् ।

मनोनयन दर्ता गराउनेहरूमा ३३ जना दलको तर्फबाट >>> पृष्ठ २ मा

# भरतपुर क्रिकेट रंगशाला सरकारले बनाउने

**अस्मिता बम/मध्यान्ह**
काठमाडौं, २० चैत ।

भरतपुरको गौतमबुद्ध अन्तर र्राष्ट्रिय क्रिकेट रंगशाला सरकारले बनाउने भएको छ । संघीय भरतपुरको क्रिकेट रंगशालाको स्वामित्व लिएर निर्माण गर्ने निर्णय गरेको हो ।

सोमबार बसेको मन्त्रिपरिषद् बैठकले भरतपुर महानगरलाई १२ करोड रुपैयाँ दिएर रंगशाला निर्माणका क्रममा हालसम्मको हिसाब फरफराक गर्ने निर्णय गरेको छ । रंगशाला निर्माण गरिरहेको धुर्मुस सुन्तली फण्डेसनले निर्माण सामाग्री लगायतको १७ करोड बढी रकम भुक्तानी गर्न बाँकी छ । यो रकम कसले तिर्ने भन्ने विवादका कारण रंगशाला निर्माणको जिम्मा कसले लिने भन्ने अलमल लामो समय रह्यो । मन्त्रिपरिषदको निर्णयपछि अब भरतपुर महानगरले हिसाब फरफारक गर्ने छ । रंगशाला निर्माणको काम भने युवा तथा खेलकुद मन्त्रालयमार्फत अघि बढाउने निर्णय भएको हो ।



मन्त्रिपरिषदको निर्णय अनुसार 'निर्माण सम्पन्न भएपछि महानगरलाई हस्तान्तरण हुनेछ ।'

## वैदेशिक रोजगार विशेष

# सय दिनमा वैदेशिक रोजगार क्षेत्रमा उल्लेख्य प्रगति : प्रधानमन्त्री कार्यालय

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को सय दिने कार्यकाल अवधिमा वैदेशिक रोजगार क्षेत्रमा मुख्य चारवटा सुधार भएको बताएको छ । प्रचण्ड प्रधानमन्त्री बनेको सय दिन पुगेको अवसरमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सय दिनका उपलब्धि सार्वजनिक गर्दै सो कुरा बताएको हो ।

सयदिनको अवधिमा प्रधानमन्त्री प्रचण्डले ७८ दिन श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयको नेतृत्व गरेका थिए ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सामाजिक सुरक्षाको दायरा फराकिलो पारी चैत ८ गते प्रधानमन्त्री प्रचण्डबाट वैदेशिक रोजगारमा रहेका कामदार र विदेशमा स्वरोजगारमा रहेका व्यक्तिको लागि योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम शुभारम्भ गरिएको बताएको छ । हालसम्म १५ हजार जनाभन्दा बढी सुरक्षा कार्यक्रममा सूचीकरण भएको भन्दै कार्यालयले त्यसको कार्यान्वयनबाट विदेशमा रहेका कामदारलाई सामाजिक सुरक्षाको प्रत्याभूति भएको बताएको छ ।

वैदेशिक रोजगारीलाई मर्यादित, सुरक्षित र व्यवस्थित बनाउन श्रम गन्तव्य मुलुकसँग वार्ता, सम्झौता गर्ने तथा वैदेशिक रोजगारीमा जानेको अनुगमन, नियमन गर्ने लगायतका कार्यलाई गति दिइएको कार्यालयले बताएको छ ।

कार्यालयले सय दिनको अवधिमा वैदेशिक रोजगारीमा जान चाहने श्रमिकले अनलाइन माध्यमबाटै श्रम अनुमतिका लागि आवेदन गर्नसक्ने तथा उनीहरूलाई अनलाइन माध्यमबाटै श्रम स्वीकृति दिने प्रणाली सञ्चालनमा रहेको उल्लेख गरेको छ । कामदारलाई सहजरुपमा श्रम स्वीकृति दिन दुई वर्षे विद्यमान प्रावधानलाई >>> पृष्ठ २ मा

# भ्रष्टाचारको अखडा बन्दै सरकारी कार्यालय

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० चैत ।

सरकारी कार्यालयमा कार्यरत कर्मचारीले काममा झुलाउने र केही प्रतिशत कमिशन खाने विषय लामो समयदेखि उठ्दै आएको हो । तर, पछिल्ला दिनमा भने करोडौं रकम हिनामिना गरेको आरोपमा सरकारी कर्मचारीहरुलाई लाग्न थालेको छ । केही हप्ताअघि यातायात कार्यालय कोशीका उपसचिवसहित ११ जनालाई विशेष अदालतले सजाय तोक्यो । राजस्व हिनामिना प्रकरणमा भ्रष्टचारी ठहर भएका चार उपसचिवहरु रमेशप्रसाद दाहाल, विष्णुप्रसाद पौडेल, नयराज नेपाल र होमनाथ भट्टराईलाई दोषी ठहर गर्दै आठ वर्षका दरले सजाय तोकेको थियो । यस्तै, एक उपसचिवलाई दुई वर्ष ६ महिना कैद सजाय र ११ जना कर्मचारीलाई बिगो र बिगोको दोब्बर जरिवानाको आदेश गरेको थियो । उक्त निर्णय भएको केही समय नपुग्दै अवकाशप्राप्त नायब सुब्बा रघुनाथ घिमिरेविरूद्ध २ करोड बढी भ्रष्टाचार गरेको आरोपमा मुद्दा दायर भएको छ ।

घिमिरेले एयरपोर्ट भन्सार, विभिन्न भन्सार कार्यालय र राजश्व अनुसन्धान विभागमा बसेर राजश्व हिनामिना गरी करोडौं सम्पत्ति कमाएर श्रीमती लगायत परिवारका विभिन्न व्यक्तिहरुको नाममा लुकाएर राखेको, विभिन्न कम्पनीहरुमा लगानी, शेयर खरिद, जग्गा खरिद लगायतको कार्य गरी गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको आयोगले जनाएको हो । यस्तै, नक्कली भुटानी शरणार्थी ठगी प्रकरणमा पूर्वगृहसचिवहरु नै शंकाको घेरामा देखिएका छन् । गृह मन्त्रालयका पूर्वसविच प्रेम राई, महेश्वर न्यौपाने र टेकनारायण पाण्डेको पालामा भुटानी शरणार्थीका नाममा नेपालीको नक्कली परिचयपत्र बनेको खुलेपछि तीन जना नै शंकाको घेरामा >>> पृष्ठ २ मा

VACANCY
ANNOUNCEMENT
यस प्रतिष्ठित म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला ।
PRO - 4 (M/F)
Documentation- 5 (M/F)
Executive Assit. - 1 (F)
शिक्षित र स्नातक पुरा गरेको र सम्बन्धित काममा २ बर्षको अनुभव भई अंग्रेजीमा राम्रोसँग बोल्न, लेख्न र पढ्न सक्ने हुनुपर्नेछ । कम्प्युटर राम्रोसँग जानेको हुनुपर्नेछ ।

Send us your CV:
Email: hr@mobhiraservices.com
०१-४३७८८४२
०१-४३७८९३६
Salary:- No bar for deserving candidates
श्रम इजाजत नं. १४६९/०७४/०७५
Mobhira Recruitment Consultancy Services (P.) Ltd.
बुढानिलकण्ठ-६, हात्तिगौडा, चक्रपथ, काठमाडौं, नेपाल,
मोबाइल: ९८२३४८६६८१ । ९८०२३३८९८९

# सरकारद्वारा सुराकी खर्च खारेज




**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत

सरकारले गृहमन्त्री र गृहसचिवले गुप्तचर परिचालनका लागि आफूखुसी खर्च गर्न बनेको कार्यविधिलाई खारेज गरिदिएको छ । सोमबार सिंहदरबारमा बसेको मन्त्रिपरिषद्को बैठकले उक्त निर्णय गरेको हो । सरकारका प्रवक्ता एवम् सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माले भनिन्, मन्त्रिपरिषद बैठकले गृहमन्त्री र गृह सचिवले गुप्तचर परिचालनका लागि आफूखुसी खर्च देखाउन नपर्ने गरी बनेको कार्यविधि खारेज गरेको छ ।'

गृहमन्त्रालयबाट आएको प्रस्ताव अनुसार गृहमन्त्री र गृहसचिवले आफूखुसी खर्च गर्न पाउने गरी बनेको उक्त कार्यविधि खारेज गर्ने निर्णय भएको हो ।

यसअघि शुक्रबार गृहमन्त्रीको पदभार ग्रहण गरेर जिम्मेवारी सम्हालेलगत्तै नारायणकाजी श्रेष्ठले पहिलो महत्वपूर्ण निर्णयका रुपमा सुराकी खर्च कटौती गरेका थिए । मन्त्री श्रेष्ठले सुराकी खर्च खारेज गर्न मन्त्रिपरिषद्मा प्रस्ताव लाने निर्णय गरेका थिए । कार्यभार सम्हाल्दै उनले यसको प्रक्रिया तत्काल अघि बढाउने बताएका थिए ।

# रवि लामिछानेविरुद्ध सर्वोच्चमा रिट

**काठमाडौं/मस–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेको राहदानी दुरुपयोगसम्बन्धी मुद्दा नचल्ने भनी महान्यायाधिवक्ता डा. दीनमणि पोखरेलले गरेको निर्णय बदर गर्नुपर्ने माग गर्दै सर्वोच्च अदालतमा रिट निवेदन दायर गरिएको छ । अधिवक्ता युवराज पौडेल 'सफल' ले लामिछानेविरुद्ध सोमबार दायर गरेको रिट निवेदनमा राहदानी दुरुपयोगमा सजाय हुनुपर्नेमा उन्मुक्ति दिएको उल्लेख गर्दै उक्त निर्णय बदर गर्न माग गरिएको छ । उक्त विवादमा मङ्गलबार सुनुवाइ हुने तय भएको छ ।




यसअघि नै लामिछानेले प्रक्रियागतरूपमा नेपाली नागरिकता नलिएको उल्लेख गर्दै लामिछाने नेपाली नागरिकता नभएको फैसला सुनाएको थियो । उक्त फैसलासँगै लामिछानेको सांसद र मन्त्री पद गुमेको थियो । अहिले जिल्ला प्रशासन कार्यालयबाट प्रक्रिया पूरा गरी लामिछानेले नेपाली नागरिकता भने लिइसकेका छन् ।

महान्यायाधिवक्ता डा. पोखरेलले लामिछानेमाथि राहदानी दुरुपयोगमा मुद्दा नचलाउने निर्णय यही चैत ६ गते गरेका थिए । जिल्ला सरकारी वकिलको कार्यालय हुँदै उच्च सरकारी वकिलको कार्यालयबाट आएको प्रतिवेदन र महान्यायाधिवक्ता कार्यालयको टिप्पणीको आधारमा महान्यायाधिवक्ताले मुद्दा नचलाउने निर्णय गरेका थिए । उक्त निर्णय बदर गर्न माग गर्दै रिट निवेदन परेको छ ।

## मिटरब्याज...

बमोजिमको आयोग गठन भएकाले अब आयोगले नै समस्या समाधानको सिफारिस गर्नेछ ।

पीडितबाट उजुरी तथा गुनासो संकलन गर्ने, प्रमाण जुटाउन सहयोग गर्ने, निःशुल्क कानुनी सहायता तथा सचेतनाका काम गर्ने पनि भनिएको छ । मिटरब्याजसम्बन्धी कार्यलाई कसुर कायम गर्ने गरी सम्बन्धित कानुनमा संशोधन प्रक्रिया अगाडि बढेकोले उक्त संशोधन प्रक्रियालाई शीघ्र निष्कर्षमा पुऱ्याउन नेपाल सरकारले काम गर्ने भनिएको छ ।

सोमबार गठित आयोगले मिटरब्याज पीडितहरु कहाँ कहाँ, कसरी ठगिएका छन्, तिनीहरुको यकिन समस्या के छ भनेर हेर्ने सरकारकी प्रवक्ता सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको भनाइ छ । उनले भनेकी छन्, 'ठोस र व्यवहारिक पाटोबाट यसलाई रिपोर्ट ल्याउने कार्यादेश दिइएको छ । फिल्डमै गएर समस्या समाधान गर्न आयोग नै बनिसकेको हुनाले यसका लागि अब काठमाडौं आइराख्न पर्दैन । आयोग जनकपुरमै रहने हुनाले त्यहीँबाट यसको समाधान खोज्छ ।' अर्थात, आयोगको कार्यलय जनकपुरमै रहनेछ ।

## ३ पदमा...

र ३६ जना स्वतन्त्र गरी जम्मा ६९ जना उम्मेदवार रहेका छन् ।

तनहुँ निर्वाचन क्षेत्र नं. १ मा नेपाली कांग्रेसका तर्फबाट गोविन्द भट्टराई, नेकपा एमालेका तर्फबाट सर्वेन्द्र खनाल तथा राष्ट्रिय स्वतन्त्र पार्टीबाट स्वर्णिम वाग्लेले मनोनयन दर्ता गरेका छन् ।

राप्रपाको तर्फबाट केन्द्रीय सदस्य शोभा गुरुङ, नागरिक उन्मुक्ति पार्टीको तर्फबाट भीमबहादुर सुनार, राष्टिय जनमुक्तिको तर्फबाट पूर्णबहादुर राना, नेपाल मजदुर किसान पार्टीबाट रामप्रसाद प्रजापति, नेपाल कम्युनिष्ट पार्टी समाजवादीबाट गणेश श्रेष्ठ, मंगोल नेशनल अर्गनाइजेसनबाट प्रेमबहादुर थापाले मनोनयन दर्ता गरेका छन् ।

चिनवन २ मा सत्ता गठबन्धनबाट कांग्रेसका जीतनारायण श्रेष्ठ, एमालेका रामप्रसाद न्यौपाने, रास्वपाका रवि लामिछाने, राप्रपाका जीवलाल पुरी, हाम्रो नेपाली पार्टीका शम्भु थापा, नागरिक उन्मुक्ति पार्टीका राजेश अधिकारी लगायतले उम्मेदवारी दर्ता गरे ।

बारामा सत्ता गठबन्धनबाट जसपाका उपेन्द्र यादव, एमालेका पुरुषोत्तम पौडेल, रास्वपाका रमेश खरेल, जनमतका शिवचन्द्र कुशवाह, राप्रपाका सोनेलाल शाह, हाम्रो नेपाली पार्टीका चन्द्रप्रकाश सुवेदी, नागरिक उन्मुक्ति पार्टीका रामचन्द्र चौधरी लगायतले उम्मेदवारी दर्ता गरे । गत मंसिर मा सम्पन्न निर्वाचनमा तनहुँ १ बाट निर्वाचित कांग्रेस नेता रामचन्द्र पौडेल राष्ट्रपति, बारा २ बाट निर्वाचित जसपाका रामसहाय प्रसाद यादव उपराष्ट्रपति भएपछि पद रिक्त हुन पुगेको थियो । चितवन २ बाट निर्वाचित रास्वपाका सभापति रवि लामिछाने नागरिकता विवादका कारण सांसद पदबाट मुक्त भएपछि उपनिर्वाचन गर्न लागिएको हो ।

## सय...

हटाई रोजगारदाता कम्पनी र श्रमिकबीच भएको कार्य सम्झौताको आधारमा पुरै कार्य अवधिका लागि श्रम स्वीकृति दिने व्यवस्था कार्यान्वयनमा ल्याएको बताउँदै कार्यालयले पुनः श्रम स्वीकृति लिन नेपाल आउनुपर्ने बाध्यतालाई हटाई विदेशस्थित नियोगबाटै पुनः श्रम स्वीकृति प्रदान गर्ने व्यवस्था मिलाइएको जनाएको छ ।

विप्रेषणलाई औपचारिक माध्यमबाट भित्र्याउन विभिन्न प्रयास गरिएको भन्दै यस अवधिमा वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका २ सय ८३ जना मृतक कामदारका परिवारलाई आर्थिक सहायताबापत एक करोड ९८ लाख १० हजार रुपैयाँ, अंगभंग, बिरामी भएका ९५ जना कामदारलाई आर्थिक सहायता तीन करोड १० लाख १८ हजार रुपैयाँ र वैदेशिक रोजगारीमा गई बिचल्लीमा परेका ८९ जना व्यक्तिको सम्बन्धित नियोगसँगको समन्वयमा उद्धार गरिएको कार्यालयले बताएको छ ।

वैदेशिक रोजगारीको क्रममा मृत्यु भएका व्यक्तिका एक हजार ५ सय ४४ जना सन्ततिलाई एक करोड ४५ लाख २४ हजार रुपैयाँ बराबरको छात्रवृत्ति उपलब्ध गराइएको, वैदेशिक रोजगारीमा गएका कामदारलाई कार्यस्थलमा आइपर्ने स्वास्थ्यसम्बन्धी समस्या सम्बन्धमा परामर्श उपलब्ध गराउनका लागि टेलिमेडिसिन सेवा सञ्चालन गर्न शुरूवात गरिएकोदेखि वैदेशिक रोजगारीका चरणहरूमा हुने ठगीलगायतका गुनासो, कल सेन्टरमा प्राप्त भएका सबै प्रकारका गुनासोसमेत समयमै सम्बोधन गर्न वैदेशिक रोजगार विभागका महानिर्देशकको संयोजकत्वमा विस्तृत कार्यशर्तसहितको इमिडिएट रेस्पोन्स टास्क फोर्स गठन भई सोहीअनुरुप काम भइरहेको कार्यालयले बताएको छ ।

वैदेशिक रोजगारीमा रहेका कामदारको समस्यालाई समयमै सुनुवाइ गरी समस्याको समाधानमा सहजीकरण गर्न विदेशस्थित सबै नियोगमा श्रमसम्बन्धी छुट्टै डेडिकेटेड फोकल प्वाइन्ट तोक्नेलगायतका कार्यका लागि परराष्ट्र मन्त्रालयमार्फत प्रक्रिया अघि बढाइएको पनि प्रगति विवरणमा समेटिएको छ ।

सय दिनको अवधिमा वैदेशिक रोजगारीको क्रममा विभिन्न मुलुकमा रहेका नेपाली कामदारले भोग्नु परिरहेका समस्या समाधानलाई उच्च प्राथमिकता दिँदै विदेशमा रोजगारी गुमाएका, बन्दी बनाइएका एवं स्वास्थ्य समस्या भोलिरहेका एक सयभन्दा बढी नागरिकलाई उद्धार गरी स्वदेश फर्काइएको कार्यालयले जनाएको छ ।

## भ्रष्टाचारको...

देखिएका हुन् । ठगी गर्ने गिरोहले गृह मन्त्रालयका कर्मचारीदेखि सचिवसम्मै प्रभाव पारेको अनुसन्धानमा संलग्न प्रहरी अधिकारीले दाबी गर्दै आएका छन् ।

अधिकांश घुस्याहा कर्मचारीले विभिन्न बिचौलिया र एजेन्टमार्फत घुस खाने गरेकाले पनि उनीहरूको कर्तुत बाहिर आउन नसकेको प्रशासनविद्हरु बताउँछन् । 'सरकारी कार्यालयमा बसेर भ्रष्टाचार गर्नु वा घुस खानु गलत मनोवृत्ति हो, पछिल्ला दिनमा भ्रष्टाचारको तरिकामा भने परिवर्तन आउन थालेको छ,' अख्तियारका प्रवक्ता भोला दाहालले भने । उनले घुस लिने प्रवृत्ति बढेकै कारण कर्मचारीतन्त्रप्रति नकारात्मक सन्देश गएको बताएका छन् ।

विशेषगरी, मालपोत, राजश्व, नापी, यातायात, वैदेशिक रोजगार, श्रम, स्थानीय तह, जिल्ला प्रशासन, सिँचाइ, खानेपानी, लगायतका सरकारी कार्यालयमा बढी भ्रष्टाचार हुने गरेको पाईन्छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले तीन वर्षअघि 'घुस्याहा' कर्मचारीलाई लक्षित गरी महत्वपूर्ण अभियान पनि सुरु गरेको थियो । प्रत्येक सरकारी कर्मचारी कार्यालयमा प्रवेश गर्नुअघि घुस नखाने शपथ लिएर प्रवेश गर्नुपर्ने कार्यविधि भएपनि उनीहरुले सो विषयको पालना भने गरेको पाइँदैन । समयमा कार्यालय नपुगेर, कार्यालय अवधिभर नबसेर, सेवाग्राहीबाट पैसा लिएर वा अन्य तरिकाले पनि कर्मचारीहरु अनैतिक काममा संलग्न भईरहेको पाईन्छ । अझ पछिल्ला दिनमा कर्मचारीले घुस लिदाँ अख्तियारले समात्ने डरले विभिन्न एजेन्ट खोजेर नयाँ नयाँ तौरतरिकाले अकुत सम्पत्ति आर्जन गर्न थालेका छन् । तरपनि, भ्रष्टाचारमा शुन्य सहनशीलता, म भ्रष्टाचार गर्दिन अरुलाई पनि गर्न दिन्न भन्ने सरकारी नारा बोलीमै सीमित भएको छ । एकपछि अर्का कर्मचारी भ्रष्टाचारको अभियोगमा मुछिदाँ समेत सरकारले कडाईका साथ निगरानी र कारवाही अघि बढाउन सकेको छैन । जसले गर्दा राज्यको बजेट चुहावट हुने र अर्थतन्त्र थप धराशायी हुने डर बढ्न थालेको छ ।

---

**नेपाल सरकार**
**श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय**
**वैदेशिक रोजगार विभाग, काठमाडौंको**

**दावी विरोध सम्बन्धी सूचना**

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय संचालनको लागि यस विभागबाट इजाजत पत्र प्राप्त संस्था श्री **जबकिङ इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.(ई.प.नं. १५७६)** को साविकाको नाम परिवर्तन गरी **अरबिय सेन्टर्स इम्प्लोइमेन्ट सर्भिसेज प्रा.लि.** कायम गर्न माग भई आएकोले उक्त प्रा.लि.को माग बमोजिम साविकको नाम परिवर्तन गर्दा कोहि कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र यस विभागको संस्था दर्ता शाखामा उजुरी/निवेदन पेश गर्नु हुन अनुरोध छ । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ ।

---

**हकदावी सम्बन्धी ३५ दिने सूचना**

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७१/०३/१९ मा दर्ता कायम भएका **लुमिनस पिक्चर्स प्रा.लि. (प्रा.लि. नं. १२४०९८)**लाई खारेजी लिक्वीटेशनमा लैजाने कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम मिति २०७९/१२/२० गतेको संचालक समितिको निर्णय बमोजिम यस कम्पनीले तिर्न बेहोर्न पर्ने ऋण, धन, एवं कोही कसैको बाकी बक्यौदा लेनदेन आदि भएमा स-प्रमाण सहित हक दाबि गर्न यो सूचना प्रकाशन भएको मितिले ३५ दिन भित्र लिक्वीडेटरका कार्यलय त्रिपुरेश्वरमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय,** **ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं** **मोवाईल नं. ९८४३४२३५५९**

---

**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रहरी कार्यालय ओखलढुंगा**

**सवारी साधनहरुको स्वामित्व दाबी गर्न आव्हान गरिएको सूचना**

**प्रकाशित मितिः २०७९।१२।२० गते**

जिल्ला प्रहरी कार्यालय ओखलढुंगा तथा मातहत प्रहरी इकाईहरुमा वेवारीसे अबस्थामा रही हालसम्म सवारी धनी पत्ता नलागेका,सबारी धनी खोजतलास गर्दा समेत प्रहरीको सम्पर्कमा नआएका सवारी साधनहरुको स्वामित्व दावी गर्नको लागी सरकारी सम्पती तथा जिन्सी मालसामान लिलाम बिक्री सम्बन्धी कार्यबिधी २०७१ को परिच्छेद-३ को दफा १ वमोजिम प्रकाशन गरिएको सुचना र माथि रहेको QR कोर्डमा राखिएको हुँदा बिवरण हेरी उक्त सवारी साधनहरु उपर कोही कसैको हक दावी लाग्ने भए प्रमाण खुल्ने कागजात सहित यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र स्वामित्व दावी गर्न हुन अनुरोध गरिएको छ । अन्यथा उक्त सवारी साधनहरु कानुन बमोजिम लिलाम बिक्री हुने व्यहोरा समेत अनुरोध गरिएको छ ।

---

**साइप्रसमा रोजगार** | कम्पनी : **STALAGMITE MANPOWER SERVICES LTD**
शहरः CYPRUS

पूर्व स्वीकृत मितिः २०७९/१२/२० चलानी नं.: ६०१९९३५५ LT. No.: 283504

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Workers | 0 | 20 | स. काममा दक्ष | 315 | ४४,७९५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा चैत २८ गते (11 April 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्याद जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | रु. ४०,०००/- |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईआने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नं. हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सकिने हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Mania World
Gov. Lic No. 1546/078/079

**MANIA WORLD SERVICES PVT. LTD**
Koteshwor-32, Kathmandu, Tel, 01-5147316
Email: obiz@skgroupnepal.net, Website : skgroupnepal.net

---

## Invitation for Bids

**Sudur Pashchim Province Government**

**Ministry of Physical Infrastructure Development**

**Water Resources and Irrigation Development Division Office**

**Achham**

**First Date of publication: 4th April, 2023 (2079/12/21 B.S.)**

1. Provincial Government has allocated funds towards the cost for the **Building Construction Works** and intends to apply part of the funds to cover eligible payments under the Contracts as specified in the table "The Works" below. Bidding is open to all eligible Nepalese Bidders.
2. **Water Resources and Irrigation Development Division Office, Achham** invites electronic bids from eligible bidders for the **Construction of WRIDDO Office Building, Mangalsen, Achham** under National Competitive Bidding-Single Stage Two Envelope Bidding procedures. Only eligible bidders with the following key qualifications should participate in this bidding:
   - Minimum Average Annual Construction Turnover (AACT) of the best 3 years within the last 10 years of ***NRs. 3,12,00,000.00***
   - Minimum Work experience of similar size and nature: Construction of One Building Project works value of ***NRs. 1,66,01,000.00*** a minimum construction experience in the following key activities in a single Fiscal year :
     - 330 cum of M20 grade cement concrete
     - 46 Tonne of Steel Reinforcement
     - 110 cum of Brick Work
3. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of **Water Resources and Irrigation Development Division Office, Mangalsen, Achham**Phone No. 097-620282 and Fax no. 097-620282 or may visit PPMO website www.bolpatra.gov.np.
4. A complete set of Bidding Documents is available online and Bidder may download the bidding documents from PPMO's Web Site www.bolpatra.gov.npand deposit the cost of bidding document i.e. a non-refundable fee of NRs. 5000.00 in the Office Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
   **Information to deposit the cost of bidding document in Bank:**
   **Account Name: Water Resources and Irrigation Development Division Office, Achham (Office Code: 3370372017)**
   **Bank Name: Rastriya Banijya Bank Limited, Central Office**
   **Rajaswa Khata No. 1000100200010000, Rajaswa Sirshak No. 14229**
5. Pre-bid meeting shall be held at **Water Resources and Irrigation Development Division Office, Mangalsen, Achham** on **April 23, 2023 (2080/01/10 B.S.) at 13:00 hours.**
6. Only electronic bids are allowed and must be submitted through national e-GP system of PPMO website www.bolpatra.gov.np/egpon or before **12:00 hours on May 04, 2023 (2080/01/21 B.S.).**Bids received after this deadline will be rejected.
7. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **13:00 hours on May 04, 2023 (2080/01/21 B.S.)** at **Water Resources and Irrigation Development Division Office, Mangalsen, Achham.** Bids must be valid for a period of 90 Days after bid opening and must be accompanied by a scanned copy of the bid security in ".pdf" format, amounting to a minimum as mentioned in the following table "The Works", which shall be valid for 30 days beyond the validity period of the bid. The bid security may be deposited in the form of cash voucher in the following account or in the form of Bank Guarantee issued by a Commercial Bank (Class A) in Nepal, drawn in favor of **Water Resources and Irrigation Development Division Office, Achham** as mentioned in the Bid Document:
   **Account Name : Province Treasury Comptroller Office, Achham**
   **Bank Name : RastriyaBanijya Bank Limited**
   **Bank Address : Mangalsen, Achham**
   **Account Number : Dharauti Khata No. 4260100202030000**
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. Bidders are advised to visit the related field and assess the actual site conditions before submitting their bids.
10. The Employer reserves the right to accept or reject, wholly or partly, any or all the bids without assigning reason, whatsoever.
11. Any proposal with conditions shall not be accepted.
12. "The Works"

| S. No. | Work Package (Contract No. and Name) | Description of Works | Cost of Bid Document | Bid Validity Period | Bid Security Amount and Validity Period | Remarks |
|---|---|---|---|---|---|---|
| 1. | Construction of WRIDDO Office Building, Mangalsen, Achham. Contract Identification No. WRIDDO/AHM/NCB/WORKS-02/2079-080 | Construction of WRIDDO Office Building, Mangalsen, Achham. | NRs. 5,000.00 | 90 Days | **10,40,000.00** validity upto 120 days from the last date of bid submission issued by any authorized commercial bank | **E-Bid Only** |

**Division Chief**

# कुशलभ केसी उत्कृष्ट युवा पत्रकारिता पुरस्कारबाट सम्मानित

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत

पत्रकार कुशलभ केसी ‘उत्कृष्ट युवा पत्रकारिता पुरस्कार २०७९’ बाट सम्मानित भएका छन् । रिपोर्टर्स क्लब नेपालले आफ्नो २५औं वार्षिकोत्सव (रजत महोत्सव) को अवसरमा विभिन्न व्यक्तित्वलाई सम्मान गरेको थियो। सो क्रममा क्लबले उत्कृष्ट युवा पत्रकारिता पुरस्कारबाट पत्रकार केसीलाई नगदसहित सम्मान गरेको हो । केसीलाई कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्री पुष्पकमल दाहाल ‘प्रचण्ड’ले सम्मानपत्र हस्तान्तरण गरेका थिए ।



समाजमा देखिएका विकृति र विसंगतीविरुद्ध लगातार मिडियामार्फत आवाज उठाएर सुरक्षित समाज निर्माणमा सहयोग पुऱ्याएबापत उनलाई सम्मान गरिएको हो । क्राइम टिभीका प्रस्तोतासमेत रहेका पत्रकार केसी करिब डेढ दशकदेखि पत्रकारितामा सक्रिय रहेका छन् ।

अनलाइन टिभी पत्रकार संघका केन्द्रीय उपाध्यक्षसमेत रहेका केसी मुनलाइट टिभीमा पनि आवद्ध रहेका छन् । सम्मानित भएपछि केसीले विकृति, विसंगती, अन्याय तथा अत्याचारविरुद्ध जनतालाई सु-सूचीत गर्ने र समाचार सम्प्रेषणलाई अझ व्यवस्थित र व्यावसायिक बनाउँदै लैजाने प्रतिबद्धता जनाएका छन् । रजत महोत्सवको अवसरमा क्लबले राष्ट्रिय वाणिज्य बैंकका प्रमुख कार्यकारी अधिकृत किरणकुमार श्रेष्ठ पनि सम्मान गरेको छ । नेपालको बैंकिङ र आर्थिक क्षेत्रको विकासमा महत्वपूर्ण भूमिका खेल्दै आएका श्रेष्ठलाई मुलुकको आर्थिक क्षेत्रलाई सक्षम र उन्नत बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै सम्मान गरिएको हो ।

त्यसैगरी, एलआईसी(नेपाल) लिमिटेडका निर्देशक एवं प्रमुख कार्यकारी अधिकृत लक्ष्मीप्रसाद दासलाई पनि क्लबले सम्मान गरेको छ । नेपालको बीमा र आर्थिक क्षेत्रमार्फत मुलुकको आर्थिक क्षेत्रलाई सक्षम र समुन्नत बनाउन महत्वपूर्ण योगदान पुऱ्याएको भन्दै क्लबले उनलाई सम्मान गरेको हो। बीमा व्यवसायमा भएका बेथिति र विसंगतीहरुलाई हटाउन र बीमा निर्देशिका संशोधन गर्न निर्वाह गरेको भूमिकाकोसमेत क्लबले स्मरण गर्दै प्रमुख कार्यकारी अधिकृत दासलाई क्लबको रजत महोत्सव २०७९ को अवसरमा विशेष सम्मानुसहित अभिनन्दन गरेको हो ।

त्यस्तै, गैरआवासीय नेपाली संघ अन्तर्राष्ट्रिय समन्वय परिषद्का अध्यक्ष कुल आचार्य सम्मानित भएका छन् । मातृ भूमीप्रतिको मायाले ओतप्रोत भई विदेशमा बसेका नेपालीहरुको समस्या समाधानसँगै नेपालमा लगानी भित्र्याउन उनले खेलेको महत्वपूर्ण भूमिकाको स्मरण गर्दै क्लबले सम्मान गरेको हो ।

---

**लम्कीचुहा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भल्का, कैलाली**
**सुदुरपश्चिम प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति :– २०७९।१२।२१ गते**

मिति २०७९।१०।२० गतेको आर्थिक दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्याङ्कन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम/ कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| १. | 07/ILCM/W/ 2079/080 | Lamkichuha 1 bazarkshetra aaspas 3 km sadak kalopatre | Jamuna Devi Construction Patharaiya VDC-01, Patharaiya, Kailali | 9,518,779.2 |

**प्रमुख प्रशासकिय अधिकृत**

---

**बारबर्दिया नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**जयनगर, बर्दिया**
**लुम्बिनीप्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने सम्बन्धी आशयको सुचना ।

**सूचना प्रकाशन मिति : २०७९/१२/२१ गते**

यस कार्यालयबाट मिति २०७९/१०/१९ गते प्रकाशित सूचना अनुसारका तपशिलको कार्यमा तपशिलका बोलपत्रदाताको न्यूनतम मूल्याङ्कित सारभुत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| सि.नं. | ठेक्का नं. | खरिद कार्यको विवरण | स्वीकृत व्यवसायीको नाम | कबोल अङ्क रु. |
|---|---|---|---|---|
| १. | BMO/NCB/Work-10/2079/08 | पाञ्चजन्य मा वि पदनाहा भवन निर्माण | मनकामना स मिल तथा फर्निचर उद्योग, मनकामना निर्माण सेवा | 6199302।42 |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**बिर्तामोड नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बिर्तामोड, झापा**
**कोशी प्रदेश, नेपाल**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मितिः २०७९/१२/२१ गते**

यस कार्यालयबाट मिति २०७९/११/०३ गतेको हिमालय टाईम्स राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचनामा निम्नानुसारको कार्यको विद्युतिय खरिद प्रणाली (e-gp) मार्फत बोलपत्र आव्हान भई माग भए अनुसार तपशिल बमोजिमका ठेक्कामा पेश हुन आएका बोलपत्रहरु मध्ये न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही रहेको बोलपत्र, यस कार्यालयको मिति २०७९/१२/२० मा निर्णय भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनार्थ बोलपत्र पेश गर्ने सम्बद्ध सबैको जानकारीका लागि ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

**तपशिलः**

| सि.न. | बोलपत्रको विवरण | स्विकृतिको लागि छनोट भएको बोलपत्रदाताको नाम, ठेगाना | कबोल अंक (भ्याट सहीत) | कैफियत |
|---|---|---|---|---|
| १ | Construction of RCC Box Culvert works BTMMUN/WORKS/NCB-15/079-80 | M/S Jenisha Nirman Sewa, Birtamode, Jhapa | NRs. 21,10,861.35/- | |

**प्रमुख प्रशासकीय अधिकृत**

---

**अग्नीसाइर कृष्णासवरण गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**सितापुर, सप्तरी**
**मधेश प्रदेश, नेपाल**

## बोलपत्र स्विकृत गर्ने आशयको सूचना

**प्रथम पटक प्रकाशित मिति :- २०७९/१२/२१**

यस अग्नीसाइर कृष्णासवरन गाउँपालिकाको कार्यालय सीतापुर, सप्तरीको मिति २०७९/१०/२९ गते नागरीक राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना अनुसार रितपूर्वक पर्न आएको बोलपत्र ठेक्का नं. 01/AKRM/NCB/WORK/2079–080 (कजला दह जाने बाटोमा कालो पत्रे ), 02/AKRM/NCB/WORK/2079–080 (भोलानाथ सडक खण्ड कालो पत्रे) र 03/AKRM/NCB/WORK/2079–080 (चाँदनी चौक देखी २ नं. वडा कार्यालयसम्म कालो पत्रे)मा तपशिलका प्रस्तावदाताहरु मध्ये न्युनतम मूल्यांङ्कित सारभूत रुपमा प्रभावग्राही भएकोले सार्वजनिक खरिद ऐन (पहिलो संशोधन) २०६३ को दफा २७ (२) बमोजिम सम्बन्धित सवैको जानकारी लागी यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल**

| ठेक्का नं. | फर्मको नाम | ठेगाना | रकम (VAT र PS) सहित |
|---|---|---|---|
| 01/AKRM/NCB/WORK/ 2079–080 | श्री पुजा निर्माण सेवा | सातदोबाटो, ललितपुर | ४८,४८,२९५।९३ |
| 02/AKRM/NCB/WORK/ 2079–080 | श्री पुजा निर्माण सेवा | सातदोबाटो, ललितपुर | ४९,४२,७३४।१३ |
| 03/AKRM/NCB/WORK/ 2079–080 | श्री पुजा निर्माण सेवा | सातदोबाटो, ललितपुर | ३०,२८,९८४।३८ |

**प्रमुख प्रशासकीय अधिकृत**

---

Yuwalaya

## Expression of Interest for Consultancy Service

OXFAM

**Yuwalaya** is a purely youth led organization that works for and with youths and adolescents of Nepal. Yuwalaya's mission is to collaborate with adolescents and youths to help them to attain best opportunities in education, health, economy and governance and bring sustainable improvement in their lives through participation, research and advocacy.

The organization was established by child club graduates in 2013 after few child club graduates came together to discuss on how they can use their skills learnt in the child club to contribute to community development and youth movement. Yuwalaya's current programs are broadly grouped into three themes: i) Gender equity and social inclusion **(GESI)** ii) Adolescent's and youth participation iii) DRR and climate change iv) Sexual and reproductive health rights and v) **Youth and Livelihood.** We advocate and work for youth empowerment and capacity development of youth in Nepal in order to involve them as agents of positive transformation in the society.

Yuwalaya in partnership with Oxfam in Nepal is planning to carry research study to "**Understand the situation of domestic workers and unpaid carers in rural and urban settings of Nepal.**" As the title suggest the major objective of the study is to explore and examine the situation of domestic women worker and unpaid carer especially women worker in rural and urban setting of Nepal. The study also intend to do mapping of key stakeholders, activist and conduct power analysis, and identify existing key opportunities and challenges for influencing to advance rights of women working as care givers as well as valuing women's work. **So,** Yuwalaya has requested for **Consultancy service from the eligible vendor for Consultancy Service for research to Understand the situation of domestic workers and unpaid carers in rural and urban settings in Nepal.**

**To Apply:**

Interested and eligible consultancy firms/ companies registered in **VAT** are requested to submit their Technical\ Proposal and the Financial proposal files Separately via email to vacancy.yuwalaya@gmail.com. **Detail ToR** can be requested via email to vacancy.yuwalaya@gmail.com . The deadline for submission of the proposal is 9th April 2023. Consultancy firms/companies are encouraged to apply with women as team lead.



मध्यान्ह
www.madhyanhadaily.com
२१ चैत २०७९, मंगलबार
4 April 2023, Tuesday

## सम्पादकीय

## संसदमा स्वार्थलाई ख्याल गर

प्रतिनिधिसभा नियमावली २०७९ पारित भएको छ । योसँगै प्रतिनिधिसभा सदस्यहरू स्वार्थ बाझिने संसदीय समितिको सदस्य हुन नपाउने भएका छन् । विगतमा निजी विद्यालय सञ्चालक सांसद शिक्षा समितिमा, बैंकका अध्यक्ष र ठेकेदार सांसदहरू अर्थ समितिमा रहँदा स्वार्थ बाझिएको भन्दै आलोचना हुने गर्दथ्यो । उक्त आलोचनाअनुसार, सम्बोधन गर्ने प्रयास यसपटक प्रतिनिधिसभा नियमावलीमा गरिएको छ ।

'समिति (संसदीय समिति) को कार्यक्षेत्रसँग स्वार्थ बाझिने सदस्यलाई सम्बन्धित समितिमा मनोनयन गरिने छैन' नियमावलीको नियम १७५ (२) मा उल्लेख छ । जहाँ छुट्टै स्पष्टिकरण खण्ड राखेर 'स्वार्थ बाझिने विषय' भन्नाले प्रचलित कानून बमोजिम स्वार्थ बाझिने विषयवस्तु सम्झनु पर्छ' भनिएको छ । तर, स्वार्थ बाझिनेसम्बन्धी छुट्टै कानुनी व्यवस्था छैन । अर्थात्, नियमावलीमा व्यवस्था गरिए पनि स्वार्थ बाझिएको हो वा विषय विज्ञता हो भन्ने विषयमा प्रष्टता नरहेको तर्क गर्दै सांसदहरूले स्वार्थ बाझिने समिति रोज्न सक्छन् । यसको ख्याल गर्ने संसद सचिवालय र राजनीतिक दलहरूले नै हो । नेकपा एमालेले स्वार्थ बाझिने समिति नरोज्न नै आग्रह गरेको छ । अर्थात्, केही राजनीतिक दलले नियमावली कार्यान्वयनमा तदारूकता देखाएका छन् । तर, सही कार्यान्वयन हुन्छ या हुँदैन भन्ने विषय पूर्ण रूपमा कार्यान्वयन हुँदाको अवस्थामा थाहा लाग्छ ।

राजनीतिक दलहरूले आफ्ना सांसदहरूलाई कुन समितिमा रहने भनी रोज्न लगाउने अभ्यास छ । त्यसअनुसार दलले नै कुन सांसद कुन समितिमा रहने भनेर तय गर्दछ । यस अभ्यासअनुसार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी लगायतले आफ्ना सांसदहरूलाई संसदीय समिति रोज्न आग्रह गरिसकेका छन् । अधिकांश राजनीतिक दलले यही चैत महिनाको २५ गतेभित्र समिति रोजिसक्न भनेका छन् । त्यसपछि विषयगत समिति गठन गर्ने दलहरूको तयारी छ । तर, यस सन्दर्भमा कतै दलहरू चुक्छन् कि भन्नेमा स्वयम् दलहरूभित्रै संशय छ । अब नयाँ नियमावलीअनुसार राजनीतिक दलहरूले पनि प्रतिनिधिसभा सदस्यलाई स्वार्थ बाझिने समितिमा मनोनयन गर्न मिल्दैन । यस विषयमा विवाद भए सम्बन्धित दल र कार्य व्यवस्था परामर्श समितिको परामर्शमा सभामुखले निर्णय लिन सक्छन् । तर, स्वार्थ बाझिने अवस्थाको प्रष्ट व्याख्या नगरिएका कारण दलहरू लचिलो बन्नसक्ने लुपहोल बाँकी नै छ । अनेकन आशालाई चिर्दै राजनीतिक दलहरूले नियमावलीमा रहेका कतिपय लुपहोलहरूमा खेल्ने प्रवृत्ति यसपटक त्यागुन् । जनताकाबीचमा राजनीति गर्नेहरू छलकपट मात्रै गर्छन् भन्नेहरूलाई जवाफ दिनुपर्नेछ ।

# व्यवस्थामा आमूल परिवर्तनको सवाल

*मजदुर र किसानको वर्गीय शक्ति र उर्जा आज घटेर गएको छ । राज्य-सत्ताको रीति-नीति आज वित्तीय पूँजीलाई खुशी तुल्याउनुमा मात्र सीमित हुन गएको छ । ठूलो पूँजीको हमलाबाट साना कारोबारी र उत्पादनको रक्षा गर्ने कुरा अब राज्यको कुनै चिन्ताको खास विषय रहेको छैन ।*

अग्रलेख



● लोकनारायण सुवेदी

जनतन्त्रलाई मानिसको वैधता जनतान्त्रिक प्रक्रियामा उनीहरु सहभागी भएर आफ्नो जीवन अझ राम्रो बनाउन सक्दछन् भन्ने विश्वासबाट मात्र प्राप्त हुन्छ । यो उनीहरुको विश्वास झूटो सावित हुन र केवल एउटा भ्रान्ति मात्रै ठहरिन पनि सक्दछ । तर, जब यो भ्रान्ति समाप्त हुन्छ वास्तविकताको पोल पनि खुल्छ । अनि त्यतिबेला जनतन्त्रबाट मानिसहरुको भरोसा हट्न थाल्दछ । त्यतिबेला उत्पन्न हुने हताशा र निराशाले उनीहरुलाई कुनै 'उद्धारक' या 'अवतारी'को खोजितर्फ लैजान्छ, जसमा अझ राम्रो र सहज जीवन पाइने शक्तिको अपेक्षा गरिन्छ । त्यसपछि मानिसहरु 'तर्क बुद्धि'को साथ छोडेर अतर्कको अझ भनौ कुतर्कको संसारमा विचरण गर्न थाल्दछन् । आजको वित्तीय पूँजीको विश्वव्यापी बर्चश्वको बेला विभिन्न आवरणमा यस्ता 'उद्धारक' तथा 'औतारीहरु'लाई कर्पोरेट क्षेत्रद्वारा निर्मित गरिने र उछालिने गरिएको हुन्छ अनि कुनै बेला कथंकदाचित उनीहरु वित्तीय पूँजी नियन्त्रित गतिबिधिबाट माथि उठ्न खोजे भने कर्पोरेट पूँजीले आफ्नो नियन्त्रणमा भएका सञ्चार माध्यमहरुलाई तिनको सेवामा झोकिदिन्छ । तिनको शासन कर्पोरेट राजको समानार्थी हुन जान्छ । फाँसीवादको बीज बिन्दू नै वास्तवमा यही हो ।



आजको 'भूमण्डलीकरण'ले वस्तु तथा सेवाहरुलाई सारा संसारभरी आवत जावत गर्ने स्वतन्त्रता दिन्छ । तर, पूँजीको आवत जावत यसको सबैभन्दा उच्च र पहिलो प्राथमिकतामा पर्दछ । हरेक देशका आर्थिक नीतिहरु 'लगानीकर्ताहरुको विश्वास' कायम राखिराख्ने विचारबाट नियन्त्रित हुन्छन् । यसको स्पष्ट अर्थ हो कि भूमण्डलीकृत पूँजीलाई फाइदा पुग्नु पर्दछ, होइन भने त्यो पूँजी अमूक देशलाई छोडेर सर्लक्कै अर्को देशतिर जान्छ र त्यो पूँजीले छोडेको देश नराम्रोसँग आर्थिक संकटको खाडलमा खस्दछ । यस्तो संकटबाट बच्ने आकांक्षाले देशका तमाम राजनीतिक संरचनाहरुलाई विवश तुल्याइदिन्छ कि तिनले त्यही एजेण्डा लागु गर्नेछन् जुन भूमण्डलीकृत पूँजीलाई स्वीकार्य हुन्छ या छ । यो क्रम त्यतिबेलासम्म चलिरहन्छ जबसम्म कुनै पनि देशले आफुलाई भूमण्डलीकरणको दायरामा राख्न चाहन्छ । अर्थात् पूँजी र व्यापारमा नियन्त्रण कायम गर्ने कुरा सोचेर भूमण्डलीकरणको सीमाभन्दा बाहिर जाने कुनै कोशिश गर्दैन । यस्तो स्थितिमा जनताको अगाडि चुन्ने कुरा केही बचेको हुँदैन । तिनले जो कसैलाई पनि चुनुन्, सरकार जसको पनि बनोस् त्यसले नवउदारवादी नीतिमा नै चल्नुपर्ने हुन्छ । त्योभन्दा बाहिर बिल्कुलै होइन ।

यस्तो अवस्थामा को चुनिन्छ, सरकार कसको बन्छ त्यसले आम जनतालाई खासै केही फरक पर्दैन । यद्यपि चुनावको बेलामा ठूल्ठूलो स्वरले दलहरु एक अर्कोभन्दा प्रतिस्पर्धी या सक्षम जेसुकै भनेर कुर्लिउन् तिनले आर्थिक नीतिको स्तरमा केही पनि आधारभूत भिन्नताको बिकल्प प्रस्तुत गर्न सक्दैनन् । तथापि उनीहरुले एकभन्दा अर्को सुशासनका लागि बढी राम्रो भनेर खुलमखुल्ला झूटो दाबी र प्रचार गर्न भने छोड्दैनन् । तर जनता र राष्ट्रलाई राहत, सुधार र आमूल परिवर्तनको दिशा दिने र उनीहरुको जीवनमा कायाकल्प र खुशियाली ल्याउने कुनै आर्थिक बिकल्प दिन तिनले सक्दैनन् । जसले गर्दा जनताको दुर्दान्त जीवनमा कुनै फरक आउन पटक्कै सक्दैन । यसका अतिरिक्त वर्गीय ढाँचामा आएको जटिलतासमेतले बैकल्पिक दिशामा अघि बढ्न सक्ने स्थितिलाई अझ कठिन तुल्यादिएको दिन्छ ।

यस सम्बन्धमा पहिलो कुरा त मजदुर र किसानको वर्गीय शक्ति र उर्जा आज घटेर गएको छ । राज्य-सत्ताको रीति-नीति आज वित्तीय पूँजीलाई खुशी तुल्याउनुमा मात्र सीमित हुन गएको छ । उदाहरणका निमित्त ठूलो पूँजीको हमलाबाट साना कारोबारी र उत्पादनको रक्षा गर्ने कुरा अब राज्यको कुनै चिन्ताको खास विषय रहेको छैन । यस्तो स्थितिमा साना उत्पादकहरु जस्तो किसान, साना व्यवसायी र साना व्यापारीहरुलाई पनि शोषणको मार झेल्नका लागि खुल्ला छोडिएका हुन्छ । यो शोषण दोहोरो किसिमले हुने गरेको हुन्छ । उनीहरुको सम्पदा जस्तो कि उनीहरुको जमीन आदि कौडीको मूल्यमा किनेर वा बेच्न बाध्य पारेर तथा उनीहरुको आम्दानीमा घटोत्तरी हुने स्थिति ल्याएर गर्ने गरिन्छ । आजीविकाका साधनबाट वञ्चित यस्ता मानिसहरु कामको खोजीमा शहरतर्फ पलायन हुने गर्दछन् जसबाट शहर बजारमा बेरोजगारहरुको लस्कर अझ लामो हुन पुग्दछ ।

> *आजको कर्पोरेट जगत जनताका विरूद्ध 'डिजीटल युद्ध' गर्ने स्थितिमा पुगिसकेको या पुगिरहेको छ भने त्यसको प्रतिरोध पनि त्यसैअनुरूपको र अत्याधुनिक हुनुपर्ने कुरा स्वतः सिद्ध हुन आउँदछ । यसका लागि अत्याधुनिक चेतना, अत्याधुनिक संगठन र अत्याधुनिक तयारीको कुनै विकल्प छैन ।*

यस्तो किसिमको परिवर्तनको अर्को एउटा दुष्परिणाम के हन्छ भने वर्गीय राजनीतिमा स्खलनका साथै 'पहिचान'को राजनीति अस्तित्वमा आउँदछ । वास्तवमा पहिचानको राजनीति एउटा भ्रामक अवधारणा हो । किनभने यसमा विभिन्न असमान, यतिसम्म कि एक अर्कोको बिपरीत चल्ने आन्दोलनहरु समेत समाहीत हुन पुग्दछन् । यसमा तीन बेग्ला बेग्लै संघटकहरु चिन्हित गर्न सकिन्छ । पहिलो, पहिचानसँग जोडिएको प्रतिरोध आन्दोलन, जस्तो दलित या महिला आन्दोलन । दोश्रो, सौदाबाजी गर्ने पहिचानको आन्दोलन, पछि परेका जातिहरुको आरक्षणको माग जसले उनीहरुको हैसियत बढाउन मद्दत पुग्दछ । तेस्रो, पहिचानको फासीवादी राजनीति जसको स्पष्ट उदाहरण साम्प्रदायिक फासीवाद हो । एउटा खास पहिचान समूहसँग जोडिएर अर्को पहिचान समूहमाथि हमला गर्ने यस राजनीतिलाई कर्पोरेट वित्तीय पूँजीले पालन पोषण गर्ने गर्दछ । यसको यथार्थ उद्देश्य कर्पोरेट जगतलाई अझ सबल बनाउनु हो कुनै पहिचान समूहका हक हितहरुको रक्षा गर्नु बिल्कुलै होइन जसको नाममा ती संगठित तुल्याइएका हुन्छन् ।

यी माथि उल्लिखित तीन किसिमका पहिचानको राजानीति एक अर्कासँग धेरै नै टाढा देखिन्छन् । तर, वर्गीय राजनीतिमा आएको कमजोरीको असर भने यी सबैमा व्याप्त छ । जहाँसम्म प्रतिरोधको पहिचान आन्दोलनको प्रश्न छ वर्गीय राजनीति चौतर्फी किसिमले कमजोर हुन जाँदा तिनमा पनि प्रगतिशीलताको तत्व कमजोर हुन पुगेको छ र ती पनि बढीभन्दा बढी सौदाबाजी पहिचानतर्फ धकेलिँदै गएका छन् । स्पष्टै भन्न सकिन्छ कि वर्गीय राजनीतिमा आएको गिरावटले पहिचानको राजनीतिको यस्ता रूपहरु निकै बलिया बनेका छन् जसले आजको वर्गीय राजनीतिक व्यवस्थामा कुनै खतरा र खलल पुऱ्याउन सक्दैनन् । त्यसैले बाम अर्थात् कम्युनिष्ट राजनीतिले पहिचानको यो प्रतिरोध राजनीतिमा निकै सार्थक र सोद्देश्य हस्तक्षेप गर्नुपर्ने आवश्यकता छ र त्यसलाई केवल पहिचानको मात्र राजनीतिबाट भिन्न तुल्याउनु पर्दछ । किनकि समग्र वर्गीय मुक्ति बिना पहिचानको पनि कुनै सार्थकता हुँदैन । आज जुन समस्याहरु अर्थात्- गरिबी, अशिक्षा, अभाव, बेरोजगारी, असुरक्षाको अनन्तरूपमा बढ्दो स्थितिलाई समाजले सकी नसकी बोझको रूपमा बहन गरिरहेको छ- त्यसबाट मुक्त नभइकन एउटा समाज समुन्नत, सुन्दर, सुसंस्कृत र सभ्य बन्ने दिशामा अघि बढ्नै सक्दैन । यो आधारभूत परिवर्तनको बाटोमा लाग्ने सचेत दिशाबोध, सिद्धान्तनिष्ठ, संघर्षशीलता र संगठित तत्परता बिना समस्या समाधानको अरु कुनै जीवन्त व्यवहारिक र अग्रगामी बाटो पनि उपलब्ध छैन र हुन पनि सक्दैन । सारा विश्व समाजको कुरा गरौं या त्यस विश्व समाजको एउटा इकाई नेपालको मात्र कुरा गरौं वस्तुगत यथार्थ कुरा यही नै हो । यसबाट दायाँ-बायाँ लाग्नु आफै अल्मलिनु र अरुलाई पनि अल्मल्याउने भ्रामक कुरा मात्र हुन्छ । परिवर्तनका संवाहक भनेर दाबी गर्ने सबै प्रगतिशील र लोकतान्त्रिक शक्तिले अझ त्यसमा पनि आफुलाई क्रान्तिकारी कम्युनिष्ट भन्न रुचाउने शक्तिले त यो कुरालाई मूल मन्त्रकै रूपमा बुझ्नु र बुझाउन सक्नु र बुझाउन सिक्नुपर्दछ ।

जहाँसम्म परिवर्तनको बाटोको कुरा छ त्यो जनतामाथि थिचोमिचो, दमन र दबाव दिँदै आएको वर्ग अर्थात् जनतामाथि बिघ्नबाधा पुऱ्याउने शक्ति कसरी प्रस्तुत हुने सम्भावना छ त्यसमा भर पर्दछ । यो रोगअनुसारको उपचार विधि र प्रक्रिया अबलम्बन गर्ने जस्तै कुरा हो । पूर्व निर्धारित कुरा होइन र हुन पनि सक्दैन । तथापि, समाज विकास र आमूल परिवर्तनको आजसम्मको इतिहासको कुरा हेर्दा र केलाउँदा भने निर्णायक परिवर्तन निर्णायक तहको बिधि अर्थात् निर्णायक बल प्रहार गर्ने बिधिबाटै सम्पन्न भएको हामी पाउँदछौं । आजको कर्पोरेट जगत जनताका बिरुद्ध 'डिजीटल युद्ध' गर्ने स्थितिमा पुगिसकेको या पुगिरहेको छ भने त्यसको प्रतिरोध पनि त्यसैअनुरूपको र अत्याधुनिक हुनुपर्ने कुरा स्वतः सिद्ध हुन आउँदछ । यसका लागि अत्याधुनिक चेतना, अत्याधुनिक संगठन र अत्याधुनिक तयारीको कुनै विकल्प छैन । आजको यस वस्तुगत यथार्थबाट अलग हिँडेर आमूल परिवर्तनको अपरिहार्य लक्ष्य प्राप्त गर्न सकिने छैन ।

***(लेखक सुवेदी नेपाल कम्युनिष्ट पार्टीका अध्यक्ष हुन् ।)***

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

ऐन पीडित मैत्री बनाउने कि पीडक मैत्री ? संक्रमणकालीन न्याय न्यायलक्ष्यित हुने कि न्याय निरपेक्ष ? सशस्त्र द्वन्द्वका घाउ पुर्ने कि गहिऱ्याउने ? सत्यतथ्य प्रकाशमा ल्याउने कि अन्धकारमै राख्ने ? कस्तो समाजको परिकल्पना गर्ने ? कानून बनाउँदा यी प्रश्नमा घोत्लिने माग गर्नु धेरै हो र ?



**- सुर्यराज आचार्य**

विदेशी संघ-संस्थाको एजेन्डाबाट प्रभावित नेपालमा हाल चालु 'वातावरण-मैत्री विकास'को न्यारेटिभ वास्तवमा 'विकास-नियोजक वातावरण संरक्षण' बन्न पुगेको छ । नेपालको सन्दर्भ र प्राथमिकता प्रतिबिम्बित हुने विकास-वातावरणको विवेकपूर्ण सन्तुलनको नीतिका लागि राजनीतिक नेतृत्वले पहल गरोस् ।



**- शान्ताराज सुवेदी**

नयाँ विश्वविद्यालय थपेर संख्या बढाउने होइन भैरहेकालाई अनुसन्धानमूलक र गुणस्तरीय शैक्षिक थलोको रूपमा विकास गर्न पर्याप्त साधन स्रोतको व्यवस्था र राजनीतिबाट टाढै राख्नु आवश्यक छ । पर्यटन र रैथाने विश्वविद्यालय थपेर तिनको हुर्मत लिनुभन्दा छाता ऐन तर्जुमा गरी विश्वविद्यालय सञ्चाल गरौं ।



**- मुमाराम खनाल**

तेस्रो पटक प्रधानमन्त्री बनेका दाहालले भनेकै थिए, 'यसपटक ऐतिहासिक काम गर्छु ।' नभन्दै गरे पनि- प्रम बनेको १०० दिन पुग्दै गर्दा दुई पटक विश्वासको मत, सात पटक मन्त्रीमण्डलको अपुरो पुनर्गठन र हनिमुन समयभरी १६ मन्त्रालयको जिम्मा आफै । ओहो, यति चाँडो यस्तो ऐतिहासिक काम कहिल्यै देखिएको थिएन ।

# दक्षिणपूर्वी एसियामा युक्रेन युद्धको प्रभाव

विश्व



● प्रेमशा साह

> दक्षिणपूर्वी एसियामा युक्रेन युद्धको सबैभन्दा बढी देखिने प्रभाव मुद्रास्फीतिको रुपमा देख्न सकिन्छ । जुन युद्ध सुरु भएलगतै तेल र ग्यासको मूल्यमा भएको उछालको परिणाम हो । थपरुपमा रुस र युक्रेनले यस क्षेत्रमा कृषि उत्पादनहरू, खाद्यान्न र मेसिनरी सामाग्रीहरु निर्यात गर्छन् । जसको सिधा प्रभाव यस क्षेत्रको समग्र आर्थिक गतिविधिहरुमा देखिएको छ ।

युक्रेनको युद्धले नियममा आधारित अन्तर्राष्ट्रिय व्यवस्था, अन्य देशको क्षेत्रीय सार्वभौमसत्ताको सम्मान, स्वतन्त्र र खुला इन्डो-प्यासिफिक क्षेत्रको खुला सिद्धान्तमा प्रश्नचिन्ह खडा गरेको छ । विगत एक वर्षदेखि चलिरहेको यो युद्धले 'भौगोलिकरूपमा दुर्गम' क्षेत्र भएका दक्षिणी पूर्वी एसियाजस्ता क्षेत्रमा पनि असर पारेको छ । यस क्षेत्रका देशहरूले मुख्यतयाः युद्धबाट आर्थिक साइड इफेक्टहरू भोगेका छन् । जुन अमेरिका, युरोप, जापान, अष्ट्रेलिया र अन्य देशहरूले रूसमाथि लगाएको प्रतिबन्धको परिणाम पनि हो ।

रुस र युक्रेन दुबैको दक्षिण पूर्व एसियामा धेरै आर्थिक उपस्थिति छैन । यो कुरा व्यवसायिक तथ्यांकहरुबाट पनि प्रष्ट हुन्छ । यस क्षेत्रको विश्व व्यापारमा रुसको हिस्सा ०.६४ प्रतिशत छ भने युक्रेनको योगदान ०.११ प्रतिशत मात्रै छ । तैपनि, केही विश्लेषकहरूले चेतावनी दिएका छन् कि "यो लामो युद्धले युरोपेली संघलाई जति धेरै असर गर्छ, दक्षिणपूर्वी एसियाको व्यापारदेखि पर्यटन उद्योगसम्मको सबै कुरामा यसको प्रभाव पर्नेछ ।"

मलेसियाको मे बैंकले एक विज्ञप्तिमा भनेको छ, "युरोपको अर्थतन्त्रमा आएको व्यापक गिरावटले आसियानको निर्यात, प्रत्यक्ष विदेशी लगानी र वृद्धिमा प्रभाव पार्नेछ ।" आसियानको निर्यातमा ईयूको हिस्सा नौ प्रतिशत छ । योसँगै भियतनाम र फिलिपिन्सको कुल निर्यातमा ईयूको हिस्सा ११ प्रतिशतभन्दा बढी छ । मे बैंकले आसियान देशहरूमा हुने कुल प्रत्यक्ष वैदेशिक लगानीमध्ये '११ प्रतिशत युरोपेली संघबाट भएको' बताएको छ ।

दक्षिणपूर्वी एसियामा युक्रेन युद्धको सबैभन्दा बढी देखिने प्रभाव मुद्रास्फीतिको रूपमा देख्न सकिन्छ । जुन युद्ध सुरु भएलगत्तै तेल र ग्यासको मूल्यमा भएको उछालको परिणाम हो । थपरूपमा रूस र युक्रेनले यस क्षेत्रमा कृषि उत्पादनहरू, खाद्यान्न र मेसिनरी सामाग्रीहरु निर्यात गर्छन् । जसको सिधा प्रभाव यस क्षेत्रको समग्र आर्थिक गतिविधिहरुमा देखिएको छ । केही विश्लेषकहरूले औंल्याएका छन्, 'गहुँको मुख्य निर्यातकको रूपमा रसिया र युक्रेनको भूमिका र मकैको प्रमुख उत्पादकको रूपमा युक्रेनको हैसियतले, इन्डोनेसिया र फिलिपिन्सले गहुँको निर्यातमा धक्का महसुस गर्न सक्छ र भियतनाममा मकै आयातमा समस्या हुन सक्छ । उदाहरणका लागि, हालका वर्षहरूमा भियतनामले रुस र युक्रेनबाट करिब १.५ बिलियन डलरको मल, फलाम र स्टिल, कोइला र कृषि उत्पादनहरू आयात गरेको छ । यस कारण, दक्षिण पूर्व एशियाका केही बैंकहरू जस्तैः डिबिएस सिंगापुरले चेतावनी दिएको छ, "केही उत्पादनहरूको मामलामा निर्भरताको प्रत्यक्ष जोखिम छ ।"

त्यस्तै, थाइल्याण्डमा, उत्पादक र उपभोक्ता दुवै मुद्रास्फीति वृद्धिको कारण सामानको मूल्य निरन्तर बढिरहेको छ । भियतनाममा तेलको अभावको समस्या देखा परेको र पेट्रोलको भण्डारण घट्न आएकाले मूल्य बढेको छ ।युद्धको मारमा परेपनि सिंगापुर बाहेक दक्षिणपूर्वी एसियाका अधिकांश देशहरूले खास प्रतिक्रिया देखाएनन् । आसियान समूहले २०२२ फेब्रुअरीमा एक विज्ञप्ति जारी गऱ्यो, जसमा रसियाको नाम पनि थिएन, यसको आलोचना त परै जाओस् । यस विज्ञप्तिमा उसले भनेको थियो, 'सबै सरोकारवाला पक्षहरूले अधिकतम संयम अपनाउनुपर्छ ।' तर, एक वर्षभन्दा बढी समयदेखि द्वन्द्व तानिएको घटनाले आसियान देशहरूको कुटनीतिक भूमिकामाथि पनि प्रश्न उठाएको छ । आफुहरु मारमा परिरहँदा पनि उनीहरुले युद्ध रोक्नलाई पहलसमेत गर्न सकेका छैनन् ।

***ओआरएफ अनलाइनबाट***

## तपाईंको राशिफल

मेष : नयाँ काम बन्नेछ । वैदेशिक कार्यमा प्रगति हुनेछ ।

वृष : अचल सम्पत्तिमा वृद्धिको योग छ । मुद्दा मामिलामा सफलता मिल्नेछ ।

मिथुन : अनावश्यक जिम्मेवारीले तनाव दिनेछ । स्वास्थ्य राम्रो रहनेछ ।

कर्कट : सम्पत्तिमा वृद्धि हुनेछ । साथीभाईबीच सुमधुर सम्बन्ध बनिरहनेछ ।

सिंह : धर्मपालनामा रुची बढ्नेछ । पराकम वृद्धिको योग छ ।

कन्या : व्यापारिक कार्यहरुमा प्रगति र प्रभाव बढ्नेछ ।

तुला : यात्रा सफल हुनेछ । आनन्दमा वृद्धि हुनेछ ।

वृश्चिक : अनावश्यक जिम्मेवारी लिनु हुँदैन । कार्यहरुमा वृद्धि हुनेछ ।

धनु : पैतृक सम्पत्ति प्राप्तिको योग छ । स्वास्थ्य राम्रो रहनेछ ।

मकर : सबै कार्यमा धैर्य राख्नुहोला । स्वास्थ्य कमजोर हुने समय छ ।

कुम्भ : महत्वपूर्ण भेटघाट सफल हुनेछ । स्वास्थ्य लाभ हुनेछ ।

मीन : धैर्यमा वृद्धि र दैनिक सबै कार्यमा सफलता प्राप्त हुन्छ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# क्रोएसियामा मोनाको तदर्थ समिति



**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २० चैत

विश्वमा आफ्नो सञ्जाल विस्तारलाई तीव्रता दिएको प्रवासी म्याग्दीलीहरुको साझा सामाजिक संस्था म्याग्दी प्रवासी नेपाली संघ (मोना)ले युरोपियन मुलुक क्रोएसियामा आफ्नो नयाँ कार्यकारी तदर्थ समिति गठन गरेको छ। क्रोएसियाको राजधानी जाग्रेव सिटीमा आइतबार भएको म्याग्देलीहरुको आम भेलाले रामकृष्ण शर्माको संयोजकत्वमा मोना क्रोएसिया तदर्थ समिति घोषणा गरेको हो।

